राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ असोज ७ गते

## आम नागरिकको सुसूचित हुन पाउने अधिकार सुनिश्चित गर ।

धादिङ स्थित सामुदायिक रेडियो "रेडियो धादिङ" १०६ मेगाहर्ज र महिला सुरक्षित गृहको भवनमाथि जिल्ला वन कार्यालय तथा सुरक्षा निकायद्वारा आज विहानै गरिएको तोडफोडको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

एकजना ४ महिनाको शिशु सहित ६ जना असहाय महिला र पाँचजना कर्मचारी रहेको महिला सुरक्षित गृह र रेडियो धादिङमा तोडफोड गरिएको भनी आयोगमा आजै उजुरी पर्न आएको छ । आयोगले यस घटनाको सम्बन्धमा अनुसन्धान गर्न अनुसन्धान टोलि घटनास्थलतर्फ खटाइसकेको छ ।

उक्त घटनाबाट अवरुद्ध हुन पुगेको रेडियो प्रसारणलाई तत्काल निर्वाध रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन, महिला सुरक्षित घरमा आश्रय लिई बसेका महिला तथा शिशुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै घटनाको सत्यतथ्य छानवीन गरी आवश्यक कारबाही गर्नको लागि समेत आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org